नेपाल सरकार

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,

सिंहदरबार, काठमाडौं

**हिंसा पीडित महिला तथा किशोरीहरुलाई सुरक्षित रुपमा पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र संचालन तथा व्यवस्थापनका लागि आशयपत्र आव्हानको सूचना-२०८०**

**प्रथम पटक प्रकाशित मिति :-२०८०/०४/११**

यस मन्त्रालयको चालु आ.ब.२०८०/८१को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ३०जनालाई ९(नौ) महिनाका लागि सेवा प्रवाह गर्न हिंसा पीडित महिला तथा किशोरीहरुलाई सुरक्षित रुपमा पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र संचालनका तथा व्यवस्थापन गर्नका लागि लैगिक हिंसा पीडित महिला तथा किशोरीहरुको पुनर्स्थापना कार्यमा कम्तीमा ५ बर्षको कार्य अनुभव भएका इच्छुक एवं योग्य संस्थाहरुबाट रीतपूर्वक आशयपत्र पेश गर्न सार्वजनिक खरिद ऐनको दफा ३० र सार्वजनिक खरिद नियमावली २०६४ नियम ७० बमोजिम सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस मन्त्रालयमा पेश गर्न आव्हान गरिन्छ । साथै उक्त आशयपत्र सम्बन्धी कार्यक्षेत्रगत शर्त सहितको विस्तृत जानकारी यस मन्त्रालयको Website: www.mowcsc.gov.np बाट Download गर्न सकिनेछ र यस सम्बन्धी जानकारीका लागि मन्त्रालयको लैगिंक हिंसा निवारण शाखा वा टेलिफोन नं.०१-४२००५०२ मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात तथा जानकारी

१. आशयपत्रदाताको संस्थाको नाम, ठेगाना सहित संस्थाको मुख्य कर्मचारीको योग्यता, क्षमता तथा अनुभव, र जनशक्तिको वैयक्तिक विवरण र कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम कागजात पेश गरेको हुनुपर्ने ।

२. संस्था दर्ता, आ .व. २०७९/८० को लागि नविकरण प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर एवं कर चुक्तको प्रमाणपत्रको प्रतिलिपि।

३. आशयपत्र एक्लै वा अन्य संस्थासंग संयुक्त उपक्रम (Joint Venture) मा पनि पेश गर्न सकिनेछ। संयुक्त उपक्रममा आशयपत्र पेश गर्दा सो सम्बन्धी कागजात पनि साथै पेश गर्नुपर्नेछ ।

४. प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वघोषणा पत्र ।

५. आशयपत्र लिने एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र आशयपत्र सम्बन्धी दस्तावेज लिन एवं आशयपत्र दर्ता गर्न सकिनेछ।

६. रित नपुगेका र निर्धारित समयभित्र प्राप्त नभएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

७. पेश भएका आशयपत्र कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने अधिकार यस मन्त्रालयमा रहनेछ ।

८. संस्थाले पेश गरेको आधिकारिक कागजातहरुमा उल्लेखित विवरणको मूल्यांकन गरि संक्षिप्त सूचीमा परेका संस्थाहरुसँग मात्र प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ ।

# हिंसा पीडित महिला तथा किशोरीहरुलाई सुरक्षित रुपमा पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यका लागि सेवा प्रदायक संस्था छनौट सम्बन्धी कार्यक्षेत्रगत शर्त (TOR)

## १. पृष्ठभूमि

नेपालको संविधान लैगिंक विभेदको अन्त्य गर्दै महिलालाई लैगिंक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थय सम्बन्धी हक राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा विभेद रहित समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने संकल्प गरेकोछ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूति दिलाउन र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्धारा लैगिंक समानता कायम गर्ने व्यवस्था गरेको छ । त्यस्तै गरी १५ औं योजनाले पनि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्न रणनीति लिएको छ ।

आज पनि समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक विभेद कायमै रहेको छ । अझै पनि महिला र बालिका भएका कारण समाजमा गर्ने भेदभाव कायम नै रहेको देखिन्छ । यसको ज्वलन्त उदाहरणको रुपमा लैङ्गिक हिंसालाई लिन सकिन्छ । यस्ता हिंसाजन्य कार्य एवं दुर्व्यवहारका विभिन्न स्वरुपहरु हुन्छन जस्तै हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार, एवं वैवाहिक बलात्कार, जवरजस्ती करणीबाट गर्भधारण, यातना, पम्परागत प्रचलनको नाममा महिला माथि हुने दुर्व्यवहार, श्रीमान वा श्रीमानका नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, कार्य क्षेत्रमा हुने यौन दुर्व्यवहार, महिला तथा बालबालिकाको ओसारपसार तथा बेचबिखन, मानव अंगको किनबेच एवं जवरजस्ती रुपमा गरिने देह व्यापार, बालविवाह, बहुविवाह, बालश्रम आदि पर्दछन् । लैङ्गिक हिंसाले महिला तथा पुरुष विरुद्धको हिंसालाई जनाउने भएतापनि नेपालको सर्न्दभमा महिला र बालिकालाई नै विशेष सम्बोधन गरिएको छ ।

नेपालमा दाइजो,बोक्सी, छाउपडी लगायतका कुप्रथा, अन्धविश्वासका कारणबाट निर्दोष महिलाहरु घरेलु हिंसा, बलात्कार तथा यौनजन्य हिंसा, कार्यस्थलमा हुने हिंसा, आर्थिक तथा सांस्कृतिक हिंसा लगायत विभिन्न स्वरुपमा लैङ्गिक हिंसाका शिकार भइरहेका छन् । समानता, विकास र शान्ति प्राप्तिका बाधकका रुपमा रहेको यस्तो लैङ्गिक हिंसा अन्त्य गरी महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्नका लागि नेपाल सरकारले विगत देखि नै विभिन्न प्रयासहरु गर्दै आइरहेको छ । नेपाल सरकारले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि लाई २०४७ अर्थात सन् १९९१ मा अनुमोदन गरी सो महासन्धिको मर्म अनुसार ऐन, नियम, नियमावली, निर्देशिका, कार्ययोजना तयार गरी सोही अनुसार लैगिंक हिंसा विरुद्धका कार्यक्रमहरुको कार्यान्वयन गर्ने क्रममा दीर्घकालिन मंगला-सहाना पुनर्स्थापना केन्द्रको अवधारणा अघि सारिएको हो ।

नेपाल सरकारले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत घरेलु हिंसाबाट पीडितहरुलाई तत्काल सुरक्षा प्रदान गर्नको लागि स्थानीय तहले अत्पकालीन सेवा केन्द्र संचालन गरेको छ। यस सेवा केन्द्रमा आवश्यकतानुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध हुन्छन्। यस्ता पीडित तथा प्रभावितहरुको मानव अधिकारको संरक्षण गरी सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि आदिको माध्यमबाट दीर्घकालमा आत्मनिर्भर नागरिकको रुपमा विकास गर्नको लागि दीर्घकालीन केन्द्रको आवश्यकता महसूस गरी आ.व.२०७२/७३ देखि निरन्तररुपमा संचालनमा रहेको।

**२. मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको उद्धेश्य**

देहाय बमोजिम उल्लेखित उद्धेश्यहरु पुरा गर्नको लागि मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको स्थापना गरिएको छ :

- सबै प्रकारको हिंसा पीडित महिला, बालिका तथा किशोरीहरुको लागि पर्याप्त, सुरक्षित र संरक्षित वातावरणमा आवासीय हेरचाह सुविधा प्रदान गर्न।
- लैंगिक हिंसाबाट पीडितहरुलाई शारीरिक तथा मानसिक उपचार, कानूनी सहायता, मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन।
- लैंगिक हिंसाबाट पीडित तथा प्रभावितहरुलाई आवश्यकतानुसार शिक्षा, सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि गर्न।
- लैंगिक हिंसाबाट पीडित तथा प्रभावितहरुको क्षमता विकास गरी परिवार तथा समाजमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन।
- लैंगिक हिंसावाट पीडितहरुलाई पुन:पीडित हुनबाट जोगाई अधिकतम मात्रामा पुनर्लाभको स्थितिमा पुऱ्याउने उनीहरुको लागि दीगो र स्थायी अवसर सिंर्जना गराउन।
- पीडितहरुको व्यक्तिगत रुपमा उनीहरुको घटनाहरुका सम्बन्धमा योजना बनाई गुणस्तरीय संरक्षण र सहायता प्रदान गर्न।
- पीडितहरुका लागि तालिम प्राप्त जनशक्तिको सहयोगात्मक र समन्वयात्मक तरिकाबाट लैङ्गिक संवेदनशिलता अपनाई बहुपक्षीय संरक्षण सेवा उपलब्ध गराउने।
- पीडकलाई कानुनी सजाय दिलाउन पीडितहरुलाई सहयोग गर्ने पीडितको न्यायमा पँहुच सुनिश्चित हुने वातावरण तयार गर्न।
- सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउन नसकिने खालका हिंसापीडितहरुलाई क्षमता अनुसार व्यवसायिक तालिम प्रदान गरी बीउंपूजी समेत उपलब्ध गराई आत्मनिर्भरको लागि सक्षम बनाउन।

**३.मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको लक्षित समूह**

- अल्पकालीन सेवा केन्द्र तथा पुनस्थार्पना केन्द्रले सिफारिस गरी पठाएका लैंगिक हिंसा पिडित महिला तथा किशोरी ।
- लैंगिक हिंसापीडित भई समुदायमा पुनर्स्थापना गर्न केन्द्रको सहयोग आवश्यक छ भनी मन्त्रालयले उपयुक्त ठहराएका हिंसा पिडित महिला तथा किशोरी।

- लैङ्गिक हिंसा पीडित भई समुदायमा पुनर्स्थापना गर्न केन्द्रको सहयोग आवश्यक छ भनी प्रदेश तथा स्थानीय तहका तत्काल उद्धार तथा राहत समितिबाट सिफारिस गरेका हिंसा पिडित महिला तथा किशोरी ।
- जिल्ला प्रहरी कार्यालय, एकद्धार संकट व्यवस्थापन (**ocmc**) र राष्ट्रिय महिला आयोगबाट सिफारिसमा गरेका हिंसा पिडित महिला तथा किशोरी ।

**४. केन्द्रको कार्यक्षेत्र र सम्पादन गनुपर्ने काम :**

४.१ मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको कार्यक्षेत्र निम्नानुसारको हुनेछ ।

- लैंगिक हिंसामा पीडित महिला, किशोरी र संरक्षित बालबालिकाहरु यस केन्द्रमा राखी तोकिए वमोजिमको सेवा प्रदान गर्नु पर्नेछ ।
- पुनर्स्थापना  केन्द्रमा रही सेवा प्राप्त गरेका महिला, किशोरी तथा बालिकाहरुको समाज तथा परिवारमा पुनर्स्थापना गर्ने ।
- उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन, न्यायमा पहुँच, रोजगारी वा स्वरोजगारी जस्ता पक्षमा नेपाल सरकारका सम्बन्धित निकाय गैरसरकारी, सरकारी वा निजी संस्थासँग समन्वय स्थापना गरी सहयोग आदान प्रदान गर्ने ।

४.२ मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने परामर्शदाताले निम्नानुसारको कार्य सम्पादन गर्नुपर्नेछ :-

हिंसा पीडित महिला, बालिका तथा किशोरीहरुको लागि सुरक्षित र संरक्षित वातावरणमा निम्न सुविधा प्रदान गर्नेः-

- सुरक्षित आवास र भोजनको व्यवस्था,
- लत्ताकपडाको व्यवस्था,
- मनोसामाजिक परामर्श तथा मनोसामाजिक सेवाको व्यवस्था,
- स्वास्थ्य सेवा (शारीरिक तथा मानसिक उपचार),
- कानूनी सहयोग,
- शिक्षा, सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि,
- पीडितहरुको पुनर्स्थापना तथा पारिवारिक पुर्नमिलन ।

**(क) सुरक्षित आवास**

- प्रत्येकलाई छुटाछुटै खाटको व्यवस्था,
- प्रभावित बालबालिकाका लागि अलग्गै कोठा,
- भुईमा उपयुक्त कार्पोट, झ्यालमा पर्दा, राखन धरन, लेखपढ गर्नका लागि आवश्यक फर्निचर,
- मनोसामाजिक विमर्शको लागि छुटै कक्ष,
- मनोरञ्जन, अर्न्तक्रियाका अध्ययनका(टेलिभिजन,कम्प्यूटर, ल्याप्टप)  लागि साझा कक्ष ,
- वातावरण अनुकुल पंखा, हिटरको व्यवस्था,
- अग्नि नियन्त्रण उपकरण,

- सुरक्षाका लागि आवश्यक पाले पहरा,

**(ख) भोजनको व्यवस्था**

- देखिने ठाउँमा सन्तुलित भोजनको समय तालिकाको चार्ट बनाई राख्नु पर्ने,
- सोहि  चार्ट बमोजिम  विहान, दिउँसो र बेलुकाको लागि स्वच्छ र सफा खाजा र खानाको व्यवस्था हुनु पर्ने,
- सुत्केरी, नवजात शिशु र बिरामीका लागि विशेष भोजनको व्यवस्था हुनु पर्ने,
- पिउने शद्ध पानीको व्यवस्था हुनु पर्ने ।

**(ग) लत्ताकपडा**

- सिरक, कम्बल, डसना, तकिया, झुल, तन्ना सहितको बेड,
- संरक्षणमा बसेकाहरुका प्रभावितहरुको लागि आवश्यक पर्ने २ सेट कपडा र आवश्यक जुत्ता चप्पल,
- विद्यालय तथा कलेज जाने प्रभावितको लागि आवश्यक पोशाक,
- सेनिटारी प्याड लगायतसरसफाईका लागि आवश्यक सामग्री,

**(घ) स्वास्थ्य उपचार**

संरक्षरणमा लिएका प्रभावित महिलाहरुको स्वास्थ्य उपचार गराउनः-

- प्राथमिक उपचार बाकस,
- समस्या हेरि नियमित उपचार,
- आकस्मिक उपचार
- बालबालिकाको हकमा उमेर अनुसार लगाउनु पर्ने खोप,
- मनोसामाजिक परामर्श तथा मनोसामाजिक विमर्श सेवाको व्यवस्थाः-
  - संरक्षित व्यक्तिलाई आवश्यकता अनुसार सेवा दिनु पर्ने,
  - संरक्षित व्यक्तिको विवरण गोप्यता कायम राख्ने व्यवस्था,
  - विभिन्न मनोसामाजिक विमर्श सिपहरु (म्यूजिक थेरापि, आट थेरापि, सुईधागो थेरापि जस्ता आदि )

**(घ) कानूनी सेवा**

- संरक्षित महिलाले न्याय तथा हक प्राप्त आवश्यक परामर्श तथा उपचारार्थ चाहेको सेवा प्रदान गर्ने,
- न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवं सेवा,

- कानून कार्यान्वयन गर्ने निकायसँग सर्म्पक सेवा ।

**(ङ) सञ्चालन**

केन्द्रका सेवाहरुको सञ्चालनमा देहायको व्यवस्था पालन गर्नु पर्नेछः-

- प्रभावित महिलालाई विभेदरहित एवं सम्मानजनक व्यहारको सुनिश्चितताका लागि लिखित आचारसहिंसा,
- प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्य गराएन नहुने,
- आवास गृहमा भेटघाट कक्षमा अनुमति प्राप्त चिकित्सक, सफाईकर्मी लगायतका अत्यावश्यक व्यक्तिबाहेक बाहिरका कसैलाई प्रवेश गर्न पाइने छैन,
- केन्द्रमा उजूरी पेटिकाको व्यवस्था ।

**५. सेवा प्रदायक संस्थाको मुख्य जनशक्तिको काम तथा योग्यता**

(क) **सेवा प्रदायक संस्थाबाट** मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रमा नियमित तर्फ देहाय बमोजिमको जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।
केन्द्र प्रमुख -१ जना
सहायक केन्द्र प्रमुख -१जना
वार्डेन -२ जना(२४ घण्टा सेवा प्रदान गर्नुपर्ने)
खाना पकाउने भान्से तथा सरसफाईमा सहयोगी -२ जना
चौकीदार सुरक्षा गार्ड - २ जना (२४ घण्टा सेवा प्रदान गर्नुपर्ने)

**६ .नियमित तर्फका जनशक्तिको योग्यता र अनुभव**

**केन्द्र प्रमुखः** कम्तिमा स्नातक उत्तीर्ण, व्यवस्थापकीय ज्ञान तथा दक्षता भएको केन्द्रको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न सक्ने, लैगिंक हिंसा निवारण सम्बन्धी जानकार भई सरकारी तथा अन्तर्राष्ट्रिय, राष्ट्रिय गैरसरकारी निकाय वा सरकारी संस्थामा कम्तीमा तीन वर्ष काम गरेको एंव सरोकारवालासँग समन्वय सहकार्य गर्न सक्ने क्षमता भएको व्यक्ति हुनुपर्ने ।

**सहायक केन्द्र प्रमुख :** कम्तिमा प्रमाणपत्र वा प्लसटु उत्तीर्ण, व्यवस्थापकीय ज्ञान तथा दक्षता भएको केन्द्र प्रमुखको दैनिक प्रशासनिक कार्य सञ्चालन सहयोग गर्ने, लैगिंक हिंसा निवारण सम्बन्धी जानकार भई सरकारी तथा अन्तर्राष्ट्रिय, राष्ट्रिय गैरसरकारी निकाय वा सरकारी संस्थामा कम्तीमा तीनवर्ष काम गरेको एंव सरोकारवालासँग समन्वय सहकार्य गर्न सक्ने क्षमता भएको व्यक्ति हुनुपर्ने ।

**मनोविमर्शकर्ताः** कम्तिमा ७२० घण्टाको मनोविमर्श सम्बन्धी तालिम लिएको वा कुनैपनि विश्वविद्यालयबाट Clinical Psychology विषयमा स्नातक तह पुरा गरेको र उक्त क्षेत्रमा कम्ती तीनवर्ष काम गरेको हुनुपर्ने ।

**वार्डेन :** केन्द्रको आन्तरिक व्यवस्थापन गर्न सक्ने,कम्तिमा SLC/SEE उत्तीर्ण गरेको र उक्त क्षेत्रमा कम्ती एकवर्ष काम गरेको हुनुपर्ने ।

**भान्छे/क्लिनरः** केन्द्र स्वच्छ तथा सफा राख्ने, खाना पकाउने अनुभव भएको र कम्तिमा ८ कक्षा पास गरेको हुनुपर्ने ।

**चौकीदारः** केन्द्रको सम्पूर्ण रेखदेख गर्नसक्ने हुनुपर्ने साथै सुरक्षा सम्बन्धी तालिम प्राप्त अनुभवि व्यक्ति र कम्तिमा ८ कक्षा पास गरेको  हुनुपर्ने ।

ख) परामर्शदाताले केन्द्र संञ्चालनको लागि आवश्यकताको आधारमा थप जनशक्तिको व्यवस्था हुनुपर्ने छ ।

**कानून सल्लाहकार** - कम्तीमा कानुन विषयमा स्नातक उत्तीर्ण गरेको,लैंगिक हिंसाको क्षेत्रमा अनुभव प्राप्त गरेको व्यक्ति,अधिवक्ताको लाइसन प्राप्त व्यक्ति हुनु पर्ने ।

**चिकित्सक :** आवश्यकतानुसार केन्द्रमा आएर विरामीको जाँच र उपचार गर्ने, मेडिकल अधिकृत वा सो सरहको चिकित्सक ।

**मनोविमर्शकर्ता** - आवश्यकता अनुसार मनोविमर्शकर्ता कम्तिमा ७२० घण्टाको मनोविमर्श सम्बन्धी तालिम लिएको वा कुनैपनि विश्व विद्यालयवाट Clinical Psychology विषयमा स्नातक तह पुरा गरेको र उक्त क्षेत्रमा कम्ती तीनवर्ष काम गरेको हुनुपर्ने ।

## ७. अनुमानित समय

सेवा प्रदायक संस्थाले मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र २०८०कार्तिक १ गते देखि २०८१ अषाढ मसान्तसम्म सञ्चालन गर्नुपर्नेछ र आवधिक प्रतिवेदनको आधारमा सञ्चालन अवधि थप गर्न सकिनेछ । सेवा प्रदायक संस्थाको काम कारवाही चित्त नबुझेको अवस्थामा मन्त्रालयले जुनसुकै अवस्थामा पनि हटाउन सक्नेछ ।

## ८. सेवा प्रदाय संस्थालाई उपलब्ध गराउने सूचना, भौतिक सुविधाको विवरण :

मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनको लागि हाल नेपाल बाल संगठनको सिफलमा रहेको भवनको माथिल्लो तल्लामा रहेको छ । मन्त्रालयले आवश्यक परेमा समन्वय गरी अन्य स्थानको व्यवस्था गर्नेछ । केन्द्र सञ्चालनमा आइसकेपछि भवनको नियमित मर्मत सुधारको कार्य संस्था र मन्त्रालयको सहकार्यमा हुनेछ । सो केन्द्र संचालन तथा व्यवस्थापनको खर्च मन्त्रालयले उपलब्ध गराउनेछ ।

## ९. सेवा प्रदाय संस्थाले प्रतिवेदन पेश गर्नुपर्ने :

सेवा प्रदाय संस्थाले मंगला सहाना दीर्घाकालीन पुनर्स्थापन केन्द्र सञ्चालन सम्बन्धी प्रगति विवरणको ढाँचामा मसिक/त्रैमासिक रुपमा वास्तविक खर्चको आधारमा तयार गरिएको खर्चको फाँटवारी पेश गर्नुपर्नेछ  र आ.व. को अन्त्यमा वार्षिक प्रतिवेदनकासाथ वास्तविक खर्चको आधारमा तयार गरिएको खर्चको फाँटवारी पेशको साथै आ.व. समाप्त भएको ३ महिना भित्र आय/व्ययको विवरण दर्तावाला (Register Auditor)  लेखा परीक्षकबाट लेखा परीक्षण गराई पेश गर्नुपर्नेछ  ।

## १०. सेवा प्रदाय संस्थाको  छनौट :

सेवा प्रदाय संस्थाको प्रस्तावको छनौट गर्दा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ अनुसार गुणस्तर र लागत विधिको आधारमा कामको अनुभव,तालिम, कार्य सम्पादन गर्ने तरिका,आर्थिक क्षमता, तथा दक्ष जनशक्तिको योग्यता र अनुभवलाई आधार मानी आर्थिक र प्राविधिक  प्रस्तावको आधारमा छनौट गरिनेछ। सेवा प्रदाय संस्थाले आर्थिक र प्राविधिक

प्रस्तावको पेश गर्दा तोकिएको ढांचामा पेश गर्नुपर्नेछ । आर्थिक र प्राविधिक प्रस्तावको ढाँचा अनुसूचिमा समावेश गरिएको छ ।

**११. प्रस्तावको छनौट विधिः**

प्रस्तावको छनौट गर्दा गुणस्तर र लागत विधि अपनाई गरिनेछ । आर्थिक र प्राविधिक प्रस्तावको कुल अंक भार एकसय हुनेछ, जसमा,

(क) प्राविधिक मूल्यांकन भार : ८० %

(ख) आर्थिक मूल्यांकन भार : २० %

प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकन स्वीकृत मूल्यांकनका आधारमा तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

**१२)** सेवा प्रदाय संस्था**को लागत अनुमान**

१. जनशक्तिको पारिश्रमिक

२. आरक्षण/संरक्षण

३. बोल कबोलमा नपर्ने खुद खर्चको आधारमा भुक्तानी

अनुसूची-१

<u>प्राविधिक प्रस्तावको ढाँचा</u>

**विषय :** <u>प्राविधिक प्रस्ताव पेश गरिएको बारे ।</u>

मिति : ………………………

श्रीमान् सचिवज्यू,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।

प्रस्तुत विषयमा हिंसा पीडित महिला तथा किशोरीहरुको लागि मंगला सहाना दीर्घकालिन पुनर्स्थापना केन्द्रको व्यवस्थापन गर्नका लागि हामीले त्यहाँको मिति…………………को ……………मा प्रकाशित सूचना बमोजिमको प्राविधिक प्रस्ताव निर्धारित ढाँचामा यसै साथ संलग्न राखी खाममा सिलबन्दी गरी पेश गरेका छौं । हामीले यो प्रस्ताव………. (संयुक्त साझेदारी भए संस्थाको नाम) संस्थासँग संयुक्त साझेदारीमा पेश गरेका छौं ।

यो प्रस्तावमा दिईएका विवरणहरु सत्य तथा यथार्थपरक छन् र तिनमा कुनै किसिमको छलकपट गरिएको छैन । यदि कुनै विवरण झुठो वा असत्य भए, गरेको ठहरिएमा यो प्रस्ताव अयोग्य मानिने छ भन्ने शर्तमा हाम्रो सहमति छ ।

हामीले पेश गरेको प्रस्ताव त्यस मन्त्रालयले स्वीकार गर्न बाध्य हुने छैन भन्ने कुरो पनि हामीले राम्ररी बुझेका छौं ।

अधिकृत व्यक्तिको हस्ताक्षर :
नाम थर :
पद :
संस्थाको नाम र ठेगाना :
ठेगाना :
छाप :

**विवरण खण्ड १ : संस्थाको परिचयः-**

बढीमा २ पानामा संस्थाको उद्देश्य, कार्य, कार्यक्षेत्र लगायतका परिचयात्मक विवरण दिनुहोस् । र संस्थाको संगठनात्मक तालिका संलग्न गर्नुहोस् । संयुक्त साझेदारी भएमा साझेदार संस्थाकोसमेत उल्लेख गर्नुहोस् । संस्थाको विधानको छायाँप्रति राख्नुहोस् ।

**विवरण खण्ड २ : संस्थाको दर्ता, अनुभव तथा कर चुक्ताको स्थितिः-**

| **सि.न.** | **विवरण** | | **संलग्न कागजात** | **कैफियत** |
|---|---|---|---|---|
| **१.** | १. संस्थाको दर्ता मितिः | दर्ता मितिः<br>•दर्ता भएको कार्यालय :<br>• दर्ता नं : | छ/छैन | • कम्तीमा ५ वर्ष अगाबै दर्ता भएको हुनुपर्ने छ ।<br>• दर्ता प्रमाण-पत्रको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| **२.** | मु.अ. करमा दर्ता | • दर्ता मिति :<br>• दर्ता भएको कार्यालय :<br>• दर्ता नं. : | छ/छैन | • दर्ता प्रमाण-पत्रको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| **३** | कर चुक्ता | गरेको/नगरेको | छ/छैन | कर चुक्ता प्रमाणको छायाँप्रति संलग्नराख्नु पर्नेछ । |
| **४.** | यस क्षेत्रमा काम गरेको अनुभव | गरेको/नगरेको | छ/छैन | प्रमाणित कागजात संलग्न राख्नुपर्नेछ । |
| **५.** | लेखापरीक्षण गराएको | गराएको/नगराए को | छ/छैन | लेखापरिक्षण भएको वासलातको<br>छायाँप्रति राख्नुपर्नेछ । |

**विवरण खण्ड २.वित्तीय क्षमताः-**

| **आ.व.** | **जम्मा कारोवार रु.** | **कैफियत (लेखापरीक्षण भएको आम्दानी वा आय-व्यय विवरणको छाँयाप्रति राख्नुपर्नेछ ।** |
|---|---|---|
| | | |

**विवरण खण्ड ३ : पेशागत जनशक्ति(मुख्य मुख्य जनशक्ति)**

| सि.नं. | जनशक्तिको विवरण | विषयगत क्षेत्र | शैक्षिक योग्यता | अनुभव | सम्बन्धित विषयमा अनुभव | कार्य क्षेत्र | नियमित कर्मचारी वा वाह्य स्रोत ब्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

विवरण खण्ड ४ :कुनै आयोजना/कार्यक्रमको कामको जिम्मेवारी लिएको सोको विवरण

| सि.नं | आयोजनाको नाम, ठेगाना | संझौता मिति | सम्पन गनर्पुर्ने अवधि | हालसम्मको प्रगतिको अवस्था | आयोजनाको टेलिफोन न | स्रोत दाताः नेपाल सरकार वा दातृ संस्था वाअन्तराष्ट्रिय गैससको नाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

विवरण खण्ड ५. सम्पन्न गरेको आयोजना वा कार्यक्रमको विवरण:(बढीमा ३ वटाको दिनुहोस)

| | | |
|---|---|---|
| आयोजनाको नाम | | |
| आयोजना संचालन गर्न दिने संस्था | | |
| देश | आयोजना संचालन भएको क्षेत्र | |
| सहभागिता | नेतृत्वदायी संस्थाको रुपमा | |
| सम्झौता गरेको रकम | ने.रु. | |
| खर्च व्यहोर्ने श्रोत | नेपाल सरकार वा अन्यदातृ संस्थाको नाम | |
| सम्झौताको अवधि | | साल/महिना/गते |
| शुरु मिति | | साल/महिना/गत |
| सम्पन्न मिति | | |
| साझेदारी संस्था भए नाम : | | |

| |
|---|
| **पेशागत जनशक्ति उपलब्ध गराएको भए सो को विवरण** |
| **सो काममा संलग्न टोली प्रमुख ,निर्देशक वा समन्वयकर्ताको नाम र ठेगाना** |
| **आयोजना कार्यक्रमको विस्तृत विवरण** |
| **संस्थाबाट प्रदान गरिएको मुख्य मुख्य सेवाको विवरण** |

**विवरण खण्डः६ संस्थाले हाल सम्म गरेको कामको आधारमा प्राप्त गरेको पुरस्कार,सम्मान**

| सि.नं | आयोजना/कार्यक्रम को नाम | संझौत ाामिति | सम्पन्न गरेको मिति | प्रदान गर्ने संस्थाको नाम | सम्मान पत्र वा नगद पुरस्कार | कैफियत प्राप्त गरेको सम्मान वा पुरस्कारको प्रमाण–पत्रको छाँयाप्रति राख्नुपनर्छे । ) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**विवरण खण्ड ७ : संस्थागत समष्टिगत प्राविधिक क्षमताः-**

- माथि प्रस्तुत विवरणको आधारमा कार्य क्षेत्रगत शर्त पुरा गर्नमा संस्था कत्तिको सक्षम छ भन्ने व्यहोरा बढीमा एक पानामा खुलाउनुहोस् ।

**विवरण खण्ड ८: संस्थाले हाल सम्म उपलब्ध गराएको तालिमको विवरणः-**

| तालिम नाम | तालिम अवधि | तालिम प्राप्त संख्या | तालिमको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**विवरण खण्ड ९ : व्यवस्थापकीय क्षमता (एक-एक अनुच्छेद मा लेख्नुहोस् ।)**

- **संस्थाले उल्लेखित केन्द्रको आवश्यक व्यवस्थापन गर्न सक्दछ भन्ने व्यहोरा खुलाउनुहोस् ।**

| |
|---|
| |

- **कार्यक्रम सञ्चालन गर्ने क्रममा संस्थामा जनगुनासो वा उजुरी प्राप्त भएमा सोको संबोधन गर्न आन्तरिक नियन्त्रणको व्यवस्था बारे उल्लेख गर्नुहोस् ।**

| |
|---|
| |

- **संस्थाले यस क्षेत्रमा कार्यक्रम संचालन गरेको छ भने कुन-कुन जिल्लामा गरेको छ ?**

| |
|---|
| |

- **यो कार्यक्रमको क्षेत्रमा काम गर्न संस्थागत रुची कत्तिको छ ?**

| |
|---|
| |

अनुसूची-३

<u>आर्थिक प्रस्ताव ढाँचा</u>

मितिः..................

**विषयः** <u>आर्थिक प्रस्ताव पेश गरिएको बारे ।</u>

श्रीमान् सचिव ज्यू,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,................।

प्रस्तुत विषयमा हिंसा पीडित महिला तथा किशोरीहरुको लागि मंगला सहाना दीर्घकालिन पुनर्स्थापना केन्द्रको व्यवस्थापन गर्नका लागि हामीले त्यहाँको मिति.......................... को..............मा प्रकाशित सुचना बमोजिमको आर्थिक प्रस्ताव निर्धारित ढाँचामा यसै साथ संलग्न राखी छुट्टै खाममा सिलबन्दी गरि पेश गरेका छौ । हामीले यो प्रस्ताव...................( संयुक्त साझेदारी भए संस्थाको नाम) संस्थासँग संयुक्त साझेदारीमा पेश गरेका छौ ।
यो प्रस्तावको मूल्य अभिवृद्धि कर सहितको प्रति एकाइ रु.........कोदरले कुल जम्मा रकम रु..............(अक्षरुपी रुपैयाँ...........)मा छ । यो प्रस्तावमा दिइएका विवरणहरु सत्य तथा यथार्थपरक छन् र तिनमा कुनै किसिमको छलकपट गरिएको छैन । यदि कुनै विवरण झुठो वा असत्य भए, गरेको ठहरिएमा यो प्रस्ताव अयोग्य मानिनेछ भन्ने शर्तमा हाम्रो सहमति छ ।
हामीले पेश गरेको प्रस्ताव त्यस मन्त्रालयले स्वीकार गर्न बाध्य हुनेछैन भन्ने विषय पनि हामीले राम्ररी बुझेका छौ ।

अधिकृत व्यक्तिको हस्ताक्षरः
नाम थर :
पदः
संस्थाको नामः
ठेगानाः
छापः

अनुसूची-४

<u>आर्थिक प्रस्तावसँग सम्बन्धित</u>

**विवरण खण्ड १ : कार्यक्षेत्रगत शर्तको मापदण्ड पुरा गर्ने गरी आर्थिक प्रस्तावकको कबोल अंङ्क:-**

| **सि.नं.** | **विवरण खण्ड** | **एकाई** | **संख्या** | **लागत (प्रति महिना)** | **९महिनाको जम्मा खर्च** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| **क. जनशक्तिको पारिश्रमिक** | | | | | | |
| १. | केन्द्र प्रमुख | प्रति व्यक्ति प्रति महिना | | | | |
| २ | केन्द्र सहायक | प्रति व्यक्ति प्रति महिना | | | | |
| ३. | मनो विमर्शकर्ता | मासिक | | | | |
| ४. | चिकित्सक | प्रति महिना | | | | |
| ५. | वार्डेन | प्रति व्यक्ति प्रति महिना २ जनाका लागि | | | | |
| ५. | भान्छे | प्रति व्यक्ति प्रति महिना | | | | |
| ६. | क्लिनर | प्रति व्यक्ति प्रति महिना | | | | |
| ७. | चौकिदार | प्रति व्यक्ति प्रति महिना २ जना | | | | |
| **जम्मा खर्च** | | | | | | |
| **ख.आरक्षण/संरक्षण** | | | | | | |
| १. | खानेकुरा | प्रति व्यक्ति प्रति महिना | | | | |
| २. | लत्ताकपडा | | | | | |
| २.१ | लगाउने लुगा | प्रति व्यक्ति त्रैमासिक | | | | |
| २.२ | विस्तरा | प्रति विस्तारा वार्षिक | | | | |
| ३. | कानुनी परामर्श सेवा | प्रति महिना | | | | |
| ४. | पारिवारिक पुनर्मिलन | प्रति व्यक्ति | | | | |
| ५. | उद्धार खर्च | प्रत्येक पटक | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | नियमित औषधि खर्च | प्रति महिना | | | | |
| ७. | थेरापी | प्रति महिना | | | | |
| ८. | विविध (पीडितको लागि फुटकर खर्च, राष्ट्रिय चाडपर्व,स्थानीय यातायात खर्च,ममत खर्च ) | त्रैमासिक | | | | |
| ९. | कार्यसञ्चालन खर्च(बिजुली,पानि ,इन्टरनेट,स्टेशनरी सरसफाइ आदि खर्च) | प्रति महिना | | | | |
| **जम्मा** | | | | | | |
| **क र ख कुल जम्मा** | | | | | | |

**विवरण खण्ड ग :बोल कबोलमा नपर्ने खुद खर्चको आधारमा भुक्तानी हुने रकम (Provisional sum)**

| सि.नं | विवरण | एकाइ | लागत (सालाखाला) |
|---|---|---|---|
| १. | रोजगारीका लागि सीप तालिम | | |
| २. | संप्रेषित वा आकस्मिक औषधोपचार | | |
| ३. | विद्यालय, पोशाक र शिक्षा | | |
| ३.१ | विद्यालय पोशाक (सरकारी विद्यालय वा कलेजहरुको मात्र व्यहोरिने) | | |
| ३.२ | शिक्षाका लागि कलेज शुल्क, कापी, किताव, कलम लगायतका अन्य सामग्री (सरकारी विद्यालय वा कलेजहरुको मात्र व्यहोरिने) | | |
| जम्मा | | | |
| **क,ख र गको कुल जम्मा** | | | |